बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या:- ९१

आज मिति २०८२ साल पौष २९ गते मंगलबारका दिन बिहान ०९:०० बजे बान्नीगढी जयगढ गाउँपालिकाका अध्यक्ष श्री टेक बहादुर साउँद ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

देहायः

| क्र.स. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टेक बहादुर साउँद | अध्यक्ष | |
| २ | श्री बिन्दु रावल | उपाध्यक्ष | |
| ३ | श्री गजेन्द्र बहादुर खड्का | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ४ | श्री नेत्र बहादुर साउद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ५ | श्री नवराज साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ६ | श्री किरन बहादुर खत्री | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ७ | श्री टंक बहादुर साउँद | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ८ | श्री जगत बहादुर थापा | वडा अध्यक्ष/कार्यपालिका सदस्य | |
| ९ | श्री तुलसी थापा | कार्यपालिका सदस्य | तुलसी |
| १० | श्री ललिता देवी स्वार | कार्यपालिका सदस्य | ललिता |
| ११ | श्री पदमा साउद | कार्यपालिका सदस्य | पद्मा |
| १२ | श्री पशुपति कुमारी लुहार सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री तर्क टमट्टा | कार्यपालिका सदस्य | |
| १४ | श्री मोहनलाल ताम्राकार टमट्टा | कार्यपालिका सदस्य | |
| १५ | श्री झनक रेग्मी | नि.प्र.प्र.अ./ सचिव | |

आमन्त्रित:-

१. श्री अर्जुन प्रसाद जोशी लेखा अधिकृत

२. श्री [illegible] वरबाहर -[illegible]-

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या: ११

प्रस्ताव नं.१ : नागरिक आरोग्य केन्द्र सञ्चालनका लागि बजेट व्यवस्थापन तथा प्रदेश सरकारमा सिफारिस गर्ने सम्बन्धमा ।

निर्णय नं.१ :

सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट विवरण अनुसार कार्यक्रम शिर्षक नं. ११.४.२२.२३८४ "नागरिक आरोग्य केन्द्र स्थापना तथा सुदृढीकरण बान्नीगढी जयगढ गा पा - ३, अछाम" भन्ने कार्यक्रम जिल्ला सामाजिक विकास कार्यालय अछामको बजेट सिलिङमा समावेश भएको तर उक्त कार्यक्रमको उद्देश्य, कार्यक्षेत्र तथा सेवा प्रवाहको प्रकृति स्थानीय तहबाट नै कार्यान्वयन गर्न उपयुक्त र आवश्यक देखिएको तथा उक्त नागरिक आरोग्य केन्द्र अन्तर्गत संघीय कार्यक्रमको व्यवस्था अनुसार यस गाउँपालिका १(एक) जना वैद्य यस गाउँपालिकामा करार सेवामा नियुक्त भई हाल कार्यरत रहेको र उक्त वैद्यको पारिश्रमिक संघीय सशर्त अनुदान मार्फत उपलब्ध हुने तर आयुर्वेदिक औषधि खरिद, आवश्यक सामग्री व्यवस्थापन तथा केन्द्र सञ्चालनका लागि कार्यालय व्यवस्थापन खर्च सम्बन्धी छुट्टै बजेट यस गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था नभएको कारण सेवा प्रवाहलाई प्रभावकारी बनाउन कठिनाइ उत्पन्न भएको छ । यस परिस्थितिमा नागरिक आरोग्य केन्द्रको सेवा निरन्तरता, गुणस्तर तथा प्रभावकारिता सुनिश्चित गर्न उक्त कार्यक्रम लाई जिल्ला सामाजिक विकास कार्यालय अछामको सिलिङबाट हटाई यस बान्नीगढी जयगढ गाउँपालिकाको नाममा हस्तान्तरण गर्न सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत सुदूरपश्चिम प्रदेश आर्थिक मामिला मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२ : संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं.२ :

यस बान्नीगढी जयगढ गाउँ कार्यपालिकाकाको मिति २०८२ मंसिर २७ गतेको बैठकको निर्णयद्वारा गठित कार्यदलले तयार गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ माथी प्रारम्भिक छलफल गरियो र थप छलफल तथा आवश्यक संशोधनका लागी पुनः आगामी कार्यापालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

CamScanner

बान्नीगढी जयगढ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जयगढ, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या: ११

**प्रस्ताव नं. ३ : हिउँदे गाउँसभा अधिवेशन सम्बन्धमा ।**

**निर्णय नं. ३ :**

बान्नीगढी जयगढ गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि, २०७५ को दफा ३ को उपदफा (१) मा रहेको कानुनी प्रावधान तथा प्रचलित कानुन अनुरुप यस बान्नीगढी जयगढ गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको संशोधन तथा रकमान्तर, आवश्यक ऐन, कार्यविधि तथा अन्य निर्णयहरू पारित गर्ने तथा समसामयिक विषयहरूमा छलफल एवं निर्णय गर्ने एजेन्डा रहने गरी १५ औं गाउँसभाको हिउँदे अधिवेशन संवत २०८२ माघ ४ गते आईतबार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ करार कर्मचारीको नियुक्ती अनुमोदन सम्बन्धमा।**

**निर्णय नं. ४ :**

यस बान्नीगढी जयगढ गाउँपालिकाको मिति २०८२/०८/२१ गते प्रकाशित कर्मचारी आवश्यकता सम्बन्धी सूचना बमोजिम मिति २०८२/०९/२४ गते देखि २०८२/०९/२७ गते सम्म सञ्चालन भएको परीक्षामा उपस्थित भई परीक्षा पदपूर्ति समिति बाट करार सेवामा नियुक्तिका लागी सिफारिस भई आएका देहायका सफल उम्मेदवारहरुलाई प्रचलित कानुन बमोजिमको सेवा सुविधा उपलब्ध गराउने गरी करार नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो।

देहायः

| क्र.स. | विज्ञापन नं. | पद | सेवा/समुह | तह | उम्मेदवारको नाम | ठेगाना | कै |
|---|---|---|---|---|---|---|---|
| १ | ०२/२०८२/०८३ | वैद्य | स्वास्थ्य/आयुर्वेद | चौथो | निर्मला शाह | के.आई.सिंह गा.पा.-१, डोटी | |
| २ | ०१/२०८२/०८३ | जनस्वास्थ्य अधिकृत | स्वास्थ्य/हे.ई. | सातौं | सृजना बोगटी | मंगलसेन न.पा.-३, अछाम | |
| ३ | ०३/२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | - | पाँचौं | दान ठकुल्ला | बान्नीगढी जयगढ गा.पा.-४, अछाम | |
| ४ | ०४/२०८२/०८३ | रिटर्नी स्वयंसेवक | - | | उपेन्द्र बहादुर खडका | बान्नीगढी जयगढ गा.पा.-३, अछाम | |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः ११

| क्र.स. | विज्ञापन नं. | पद | सेवा/समुह | तह | उम्मेदवारको नाम | ठेगाना | कै |
|---|---|---|---|---|---|---|---|
| ५ | ०५/२०८२/०८३ | सहायक पशु सेवा प्राविधिक | कृषि/लाइभस्टक | चौथो | यसोदा के.सी. | सा.न.पा.-७, अछाम | |
| ६ | ०६/२०८२/०८३ | पशु स्वास्थ्य प्राविधिक | कृषि/भेट. | चौथो | दिना भण्डारी | बान्नीगढी जयगढ गा.पा.-४, अछाम | |
| ७ | ०७/२०८२/०८३ | प्राविधिक सहायक (कृषि) | कृषि/ भेट. | चौथो | नृप सुतार | बान्नीगढी जयगढ गा.पा.-३, अछाम | |
| ८ | ०८/२०८२/०८३ | अ.न.मी. | स्वास्थ्य/क.न. | चौथो | निर्मला कुमारी जोशी | शुक्लाफाटाँ न.पा.-११, कञ्चनपुर | |
| ९ | ०९/२०८२/०८३ | अ.न.मी. | स्वास्थ्य/क.न. | चौथो | मिश्रा रावल | मेल्लेख गा.पा.-४, अछाम | |
| १० | १०/२०८२/०८३ | अ.हे.अ. | स्वास्थ्य/हे.ई. | चौथो | विमला कुमारी शाही | बान्नीगढी जयगढ गा.पा.-६, अछाम | |

प्रस्ताव नं.५ : विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

निर्णय नं.५ :

यस बान्नीगढी जयगढ गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०८२/०९/२१ मा सम्पन्न बैठकको निर्णय वमोजिम विभिन्न प्रकारका विपदबाट प्रभावित भएका यस गाउँपालिका भित्रका नागरिकहरुलाई तत्काल राहतस्वरुप आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनका लागी देहाय वमोजिमको लाभग्राहीहरुको नामावली तथा प्रति लाभग्राही रकम सहितको विवरण अनुमोदनका लागी कार्यपालिका बैठकमा सिफारिस भई आएकोले यस निर्णयको अभिन्न अङ्ग मानी अनुमोदन गर्ने निर्णय गरियो ।

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या: ११

देहाय:

| क्र.स. | नाम, थर | ठेगाना | लिङ्ग | रकम (रु.मा) | कारण | कै. |
|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी देवी शर्मा | बा.ज.गा.पा.-४ | महिला | २५,००० | निजको कालिज तथा लोकल कुखुरा फर्ममा जंगली जनावरबाट आक्रमण भई क्षति गरेको | |
| २ | तुली देवी साउद | बा.ज.गा.पा.-५ | महिला | १५,००० | घरमा आगलागी भई क्षति भएको | |
| ३ | कलसी देवी साउद | बा.ज.गा.पा.-५ | महिला | १५,००० | घरमा आगलागी भई क्षति भएको | |
| ४ | तुली कडारा | बा.ज.गा.पा.-५ | महिला | १५,००० | रुख ढलेर छानाम क्षति भएको | |
| ५ | गोमा साउद | बा.ज.गा.पा.-३ | महिला | १०,००० | हावाहुरीले घरको छानो क्षति गरेको | |
| ६ | गोकुल ठकुल्ला | बा.ज.गा.पा.-३ | पुरुष | १०,००० | व्यवसाय रहेको घरको छानो हावाहुरीले क्षति गरेको | |
| ७ | टंक बहादुर ठकुल्ला | बा.ज.गा.पा.-३ | पुरुष | १०,००० | हावाहुरीले घरको छानो क्षति गरेको | |
| ८ | भरत बहादुर शाह | बा.ज.गा.पा.-६ | पुरुष | १०,००० | हावाहुरीले घर भत्किएको | |
| ९ | प्रकाश वहादुर सेटी | बा.ज.गा.पा.-३ | पुरुष | १०,००० | हावाहुरीले घरको छानो क्षति गरेको | |

CamScanner

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः ११

| क्र.स. | नाम, थर | ठेगाना | लिङ्ग | रकम (रु.मा) | कारण | कैं. |
|---|---|---|---|---|---|---|
| १० | पूर्ण बहादुर बोहरा | बा.ज.गा.पा.-४ | पुरुष | १०,००० | आगलागी भई घरको छानो जलेर नष्ट भएको | |
| ११ | माधव प्रसाद उपाध्याय | बा.ज.गा.पा.-४ | पुरुष | १०,००० | हावाहुरीका कारण घरको छानो क्षति भएको | |
| १२ | निर्मला कडायत | बा.ज.गा.पा.-६ | महिला | १०,००० | वर्षाका कारण घर भत्किएको | |
| १३ | दान बहादुर रावल | बा.ज.गा.पा.-५ | पुरुष | १०,००० | गोठछाना सहित परालमाछमा आगलागी भएर नष्ट भएको | |
| १४ | भजन लुहार | बा.ज.गा.पा.-५ | महिला | १०,००० | गोठछाना सहित परालमाछमा आगलागी भएर नष्ट भएको | |
| १५ | उजीर सिंह खड्का | बा.ज.गा.पा.-१ | पुरुष | ७,००० | घर अगाडीको मेशिनरी पर्खाल वर्षातको कारणवाट भत्किएको | |
| १६ | झपट बहादुर ओली | बा.ज.गा.पा.-५ | पुरुष | ७,००० | गोठछानामा आगलागी भई क्षति भएको | |
| १७ | विस्ना रावल | बा.ज.गा.पा.-५ | महिला | ७,००० | गोठछानामा आगलागी भई क्षति भएको | |
| १८ | लक्ष्मी लुहार | बा.ज.गा.पा.-५ | महिला | ७,००० | गोठछानामा आगलागी भई क्षति भएको | |
| | जम्मा रकम | | | १,९८,०००। | (अक्षरुपी एक लाख अन्ठानब्बे हजार मात्र ।) | |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः ११

प्रस्ताव नं. ६ : गाउँ शिक्षा समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

निर्णय नं. ६ : मिति २०८२ पुस २२ गतेको बान्नीगढी जयगढ गाउँपालिका गाउँ शिक्षा समितिको वैठकवाट निर्णय भई कार्यपालिकामा अनुमोदनका लागी सिफारिस भै आएका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियोः

देहायः

प्रस्ताव नं. ३ : अनुदान वितरण सम्वन्धमा।

निर्णय नं. ३ : प्रस्ताव नं. माथि छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ४२६, मिति २०८२।०३।०४ गतेको प्राप्त पत्रानुसार संघीय ससर्त अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा कार्यक्रम कार्यान्वयन हुने गरी विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण अनुदान शीर्षक अन्तर्गत १ (एक) वटा विद्यालयमा भर्चुअल शिक्षण, ई-लर्निङ, पुस्तकालय तथा विज्ञान प्रयोगशालाका लागि आवश्यक सामग्री तथा उपकरणको व्यवस्थापन एवं सञ्चालन गर्न प्राप्त बजेटलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०८२/०८३ ले तोकेको मापदण्ड तथा सम्वन्धित विद्यालयको प्रस्तावनाका आधारमा तपसिल बमोजिमका विद्यालयलाई वितरण गर्न कार्यपालिकाको बैठकलाई सिफारिस गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | विद्यालयको नाम | ठेगाना | विनियोजित शिर्षक | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | श्री विन्ध्यवासिनी माध्यामिक विद्यालय | बा.ज.गा.पा.-६ दर्ना | विद्यालयमा भर्चुअल शिक्षण, ई-लर्निङ, पुस्तकालय तथा विज्ञान प्रयोगशालाका लागि आवश्यक सामग्री तथा उपकरणको व्यवस्थापन एवं सञ्चालन | रु. १०,००,०००।- |
| जम्मा | | | | रु. १०,००,०००।- |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः ११

**प्रस्ताव नं.४ :शिक्षा नियमावली संशोधन सम्बन्धमा।**

निर्णय नं.४: माथि छलफल गर्दा यस बान्नीगढी जयगढ गाउँपालिकाको शिक्षा नियमावली, २०७८ मा संघिय शिक्षा ऐन र नियमावलीसँग बाझिएका व्यवस्थाहरु संशोधन गर्नका लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.७ : गाउँसभा अधिवेशनको सचिवालय सम्बन्धमा।**

निर्णय नं. ७: यस बान्नीगढी जयगढ गाउँपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक आयोजना / कार्यक्रमहरुको समायोजन, संशोधन, एकिकरण र रकमान्तर एंव गाउँपालिकाको गाउँसभा अधिवेशन बैठक प्रभावकारी रुपले सञ्चालन गर्न ऐन तथा कार्यविधिहरुको मस्यौदा लेखन, आवश्यक तयारी, व्यवस्थापन कार्यहरुमा समन्वय गर्न आवश्यक देखिएकाले गाउँसभाको पन्ध्रौं अधिवेशनको सम्पूर्ण काम गर्ने प्रयोजनका लागी तपसिलको गाउँसाभको सचिवालय स्थापना गरि सचिवालयमा खटिने कर्मचारीहरुलाई मिति २०८२/०९/२९ गतेदेखि २०८२/१०/०५ गते सम्म ७ (सात) दिन अतिरिक्त समयमा कामकाज खटिए बापतको नियमानुसारको भत्ता उपलब्ध गराउने निर्णय गरियो। यसका साथै कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखले गाउँसभा सम्पन्न पश्चात कार्यालय समय बाहेक कार्यालय समयको अघि वा पछि तथा सार्वजनिक बिदाको दिन समेत थप काम गर्नुपर्ने भएको हुँदा नीजहरुको हकमा थप ७ (सात) दिन गरि १४(चौध) दिनको भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**गाउँसभाको सचिवालय रहने कर्मचारीहरुको विवरण:**

| क्र.स. | पदाधिकारीको नाम | शाखा | पद |
|---|---|---|---|
| ०१. | श्री झनक रेग्मी | गाउँपालिका कार्यालय | प्रमुख प्रशासकीय अधिकृत |
| ०२. | श्री तिलक ठकुल्ला | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं |
| ०३. | श्री अर्जुन प्रसाद जोशी | आर्थिक प्रशासन शाखा प्रमुख | लेखा अधिकृत |
| ०४. | श्री कैलाश बलायर | प्रशासन शाखा | क.अ. |
| ०५. | श्री भरत ठकुल्ला | सहयोगी कर्मचारी | दैनिक ज्यालादारी कामदार |

CamScanner

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः ११

प्रस्ताव नं.८ : करार सेवाका कर्मचारीहरुको करार म्याद थप गर्ने सम्बन्धमा।

निर्णय नं.८:

यस बान्नीगढी जयगढ गाउँपालिकाको स्वीकृत रिक्त दरबन्दिको प्राविधिक पदहरुमा नियमानुसार पदपूर्ति भै गाउँपालिका तथा अन्तर्गतका निकायमा कार्यरत देहाय बमोजिमका कर्मचारीहरुको कार्यसम्पादन सन्तोषजनक रहेको भनि सम्बन्धित शाखा/उपशाखा/कार्यालयबाट सिफारिस भएकाले वि.स. २०८३ असार मसान्तसम्म कायम हुने गरी ६ (छ) महिनाको लागी करार सम्झौताको म्याद थप गर्ने निर्णय गरियो।

देहायः

| सि.न. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | चन्द्रा बोहरा | अ.न.मी. | |
| २. | स्मृति शर्मा | अ.न.मी. | |
| ३. | लिला कुमारी साउद | अ.न.मी. | |
| ४. | राम लुहार | अ.हे.ब. | |
| ५. | सितल कुमारी ठकुल्ला | अ.हे.ब. | |
| ६. | विक्रम भुल | अ.हे.ब. | |
| ७. | खगेन्द्र साउद | अ.हे.ब. | |
| ८. | दिपक कुमार ताम्राकार | असिस्टेण्ट सव इन्जिनियर | |
| ९. | तर्क बहादुर सुनार | असिस्टेण्ट सव इन्जिनियर | |

प्रस्ताव नं.९ : शिक्षण सिकाई सहयोग अनुदान कोटामा कार्यरत करार शिक्षकहरुको करार म्याद थप गर्ने सम्बन्धमा।

निर्णय नं.९:

यस बान्नीगढी जयगढ गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षण सिकाई सहयोग अनुदान कोटामा कार्यरत देहाय बमोजमिका करार शिक्षकहरु तथा बालविकास सहजकर्ताहरुको करार म्याद २०८२ साल चैत्र मसान्तसम्म ३ (तीन) महिनाका लागी थप गर्ने निर्णय गरियो।

CamScanner

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या: ११

देहाय:

| क्र.सं. | कर्मचारीको नामथर | पद | तह | कार्यरत शैक्षिक संस्था | तलब(रु.मा) |
|---|---|---|---|---|---|
| १ | राजेश कुमार खड्का | शिक्षक | मा.वि. (९-१०) | श्री राष्ट्रभाषा माध्यमिक विद्यालय, गाऱ्हाँ | 33,000 |
| २ | अप्सरा साउद | शिक्षक | मा.वि. (९-१०) | श्री सरस्वती माध्यमिक विद्यालय, बरदादेवी | 33,000 |
| ३ | गोकुल बहादुर साउद | शिक्षक | नि.मा.वि. | श्री जनज्योती आधारभूत विद्यालय, बरदादेवी | 27,000 |
| ४ | ईन्द्रसरा कुमारी बुढा | शिक्षक | नि.मा.वि. | श्री जनज्योती आधारभूत विद्यालय, बरदादेवी | 27,000 |
| ५ | नृप साउद | शिक्षक | नि.मा.वि. | श्री जनज्योती आधारभूत विद्यालय, बरदादेवी | 27,000 |
| ६ | जगत परियार | शिक्षक | नि.मा.वि. | श्री जनज्योती आधारभूत विद्यालय, बरदादेवी | 27,000 |
| ७ | प्रकाश बहादुर खत्री | शिक्षक | मा.वि. (९-१०) | श्री अलकनन्दा माध्यमिक विद्यालय, तिमिल्सैन | 33,000 |
| ८ | हिरेन्द्र प्रसाद जोशी | शिक्षक | नि.मा.वि. | श्री अलकनन्दा माध्यमिक विद्यालय, तिमिल्सैन | 27,000 |
| ९ | टेकेन्द्र बहादुर साउद | शिक्षक | नि.मा.वि. | श्री शान्नीकोट आधारभूत विद्यालय, कालिका | 27,000 |
| १० | धिरेन्द्र शाह | शिक्षक | नि.मा.वि. | श्री शान्नीकोट आधारभूत विद्यालय, कालिका | 27,000 |
| ११ | राकेश साउद | शिक्षक | नि.मा.वि. | श्री शान्नीकोट आधारभूत विद्यालय, कालिका | 27,000 |

CamScanner

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्याः ९१

| क्र.सं. | कर्मचारीको नामथर | पद | तह | कार्यरत शैक्षिक संस्था | तलब(रु.मा) |
|---|---|---|---|---|---|
| १२ | मनिषा साउद | शिक्षक | मा.वि. (११-१२) | श्री विन्ध्यवासिनी माध्यमिक विद्यालय, दर्ना | 38,000 |
| १३ | टंक कुमारी खड्का | शिक्षक | मा.वि. (११-१२) | श्री ऐश्वर्य माध्यमिक विद्यालय, दर्ना | 38,000 |
| १४ | रेजीना कुमारी खनाल | शिक्षक | मा.वि. (९-१०) | श्री ऐश्वर्य माध्यमिक विद्यालय, दर्ना | 33,000 |
| १५ | कविता ठकुल्ला | शिक्षक | मा.वि. (११-१२) | श्री ऐश्वर्य माध्यमिक विद्यालय, दर्ना | 38,000 |
| १६ | शेर बहादुर धामी | शिक्षक | प्रा.वि. | श्री बालकल्याण आ.वि., दर्ना | 24,000 |
| १७ | कुमारी जानकी सिंह | शिक्षक | प्रा.वि. | श्री बालकल्याण आ.वि., दर्ना | 24,000 |
| १८ | भुपेन्द्र वहादुर रावत | शिक्षक | नि.मा.वि. | श्री बालकल्याण आ.वि., दर्ना | 27,000 |
| १९ | लक्ष्मी साउँद | वालविकास सहजकर्ता | वालविकास | श्री कालिका बालविकास केन्द्र, दर्ना | 16,000 |
| २० | कल्पना कुँवर | वालविकास सहजकर्ता | वालविकास | श्री राष्ट्रभाषा माध्यमिक विद्यालय, गाज्रौं | 16,000 |
| २१ | मन्जु धामी | बालविकास सहजकर्ता | वालविकास | श्री ऐश्वर्य माध्यमिक विद्यालय, दर्ना | 16,000 |
| २२ | पशुपति वि.क. | बालविकास सहजकर्ता | बालविकास | श्री ऐश्वर्य माध्यमिक विद्यालय, दर्ना | 16,000 |

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

बैठक संख्या: ११

प्रस्ताव नं. १० : आर्थिक अवस्था कमजोर व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा

निर्णय नं. १० :

यस बान्निगढी जयगढ गाउँपालिका अन्तर्गत वडा नं. २ जनालिकोट र वडा नं. ५ कालिकाको वडा समितिको बैठकबाट सम्बन्धित वडामा विनियोजित बजेटबाट आर्थिक अवस्था कमजोर भएका, असहाय तथा विपन्न व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय भई भुक्तानीका लागी गाउँपालिकामा सिफारिस भई आएकोमा वडा कार्यालयको सिफारिस पत्र तथा अन्य संलग्न कागजातहरु अध्ययन गर्दा उचित र मनासिब देखिएको हुँदा देहाय व्यक्तिहरुलाई देहाय बमोजिमको प्रति लाभग्राही रकम सहितको आर्थिक सहायता उपलब्ध गराउने वडा समितिको निर्णय/सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै २ नं वडा कार्यालय तथा ६ नं वडा कार्यालयको सिफारिस बमोजिम आर्थिक अवस्था कमजोर भै जिवनयापन गर्न कठिनाई भएका वा गम्भिर प्रकृतिका रोग लागी उपचार गर्न कठिनाई भएका देहायका व्यक्तिहरुलाई समेत देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

देहाय:

| क्र.स. | नाम, थर | ठेगाना | उमेर | कारण | सहायता रकम (रु.मा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आशिष ताम्राकार | बान्नीगढी जयगढ गा.पा.-३ अछाम | २३ | घाँटीको क्यान्सर | १०,०००। | ५ नं वडाबाट सिफारिस |
| २ | नर भुल | बान्नीगढी जयगढ गा.पा.-२ अछाम | ४९ | प्यारालाईसिस रोग | १०,०००। | २ नं वडाबाट सिफारिस |
| ३ | सविना ठकुल्ला | बान्नीगढी जयगढ गा.पा.-२ अछाम | १९ | सर्पले टोकेको विपन्न नागरिक | १५,०००। | २ नं वडाबाट सिफारिस |
| ४ | जिज्ञासा ओझा | बान्नीगढी जयगढ गा.पा.-६ अछाम | १२ | Hypospadasis with pin hole meatus | २५,०००। | |
| ५ | पानसरा उपाध्याय | बान्नीगढी जयगढ गा.पा.-२ अछाम | ५९ | एकल महिला सहाराविहिन | १०,०००। | |
| ६ | दल भुल | बान्नीगढी जयगढ गा.पा.-२ अछाम | ३८ | गर्भावस्थामा श्रीमतिको मृत्यु भै काजक्रिया खर्च | १०,०००। | |
| ७ | रम्भा दमाई | बान्नीगढी जयगढ गा.पा.-२ अछाम | ६० | खुट्टा भाचिएको आर्थिक अवस्था असाध्यै न्यून | ६,०००। | |
| | | जम्मा | | | ८६,०००।-(छयासी हजार मात्र) | |